# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# विराटनगर, नेपाल ।

आ. व.: ।२०८०/०८१ मितिः २०८०।११।२४

श्री क्याम्पस प्रमुख / स्कूल-डाइरेक्टरज्यू,
**BCA / BIT / B.Sc. (Hons.) Ag. / B.V.Sc. & A.H. / B.Sc. Forestry / B. Food, Dairy Technology / B.Tech. Biotechnology / B.Sc. Biotechnology / PGDCA** अध्यापनहुने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा **विज्ञान तथा प्रविधि** संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातकतह **BCA, BIT, B.Sc. (Hons.) Ag., B.V.Sc. & A.H., B.Sc. Forestry, B. Food/Dairy Technology, B.Tech. Biotechnology, B.Sc. Biotechnology** र **PGDCA** शैक्षिक कार्यक्रमहरूको **प्रथम सेमेष्टर** (सन् 2024 मा सञ्चालन गरिने परीक्षाका लागि) **नियमित तथा आंशिक** रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **मिति २०८०।१२।१६ गते** सम्म परीक्षा आवेदन फाराम भराई नियमानुसारको परीक्षा शुल्क वापतको रकम **नबिल बैंक** स्थित यस कार्यालयको **A/C 00710017518402** मा **मिति २०८०।१२।१६ गते** भित्र जम्मा गरी सो को **सक्कल बैंक भौचर (Customer Copy)** तथा परीक्षा आवेदन फाराम क्याम्पस/कलेजको प्रतिनिधि मार्फत यस कार्यालयमा **मिति २०८०।१२।२२ गते** भित्र उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल बमोजिमको विलम्ब शुल्क लिई तोकिए बमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल बमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७) आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछः**

| क्र.सं. | विवरण | स्नातकतह | स्नातकोत्तरतह |
|---|---|---|---|
| १. | नियमित तथा आंशिक (२०२० समुह देखि) | रु.१५००।- | रु.२१००।- |
| २. | आंशिक १ विषय (२०१६ समूह सम्म) | रु.५००।- | रु.६००।- |
| ३. | आंशिक २ विषय (२०१६ समूह सम्म) | रु.८००।- | रु.११००।- |
| ४. | आंशिक २ भन्दा बढि विषय (२०१६ समूह सम्म) | रु.११००।- | रु.१६००।- |
| ५. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रु.१०००।- | |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडि सम्म) | रु.२०००।- | |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडि सम्म) | रु.३०००।- | |
| | **सम्बन्धन शुल्क (नियमित)ः** | | |
| ८. | *BCA / BIT / B. Sc. Biotechnology* | रू. ८,०००।- प्रति विद्यार्थी | |
| ९. | *Bachelor of Food Tech./Bachelor of Dairy Tech./B. Tech. Biotechnology/ B. Sc. (Hons.) Ag./ PGDCA* | रू. १०,०००।- प्रति विद्यार्थी | |
| १०. | *B. V. Sc. & A.H.* | रू. १५,०००।- प्रति विद्यार्थी | |

सह-परीक्षा नियन्त्रक